लुम्बिनी प्रदेश सरकार

उद्योग, पर्यटन तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था कार्यालय (सवारी)

रुपन्देही, नेपाल ।

मितिः २०८२।१।११

**कारखाना, वर्कसप तथा रिकण्डिसन हाउस सञ्चालकहरूको लागि जारी गरिएको सूचना ।**

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ५६ तथा कारखाना तथा वर्कशप सञ्चालन निर्देशिका, २०७४ बमोजिम कारखाना, वर्कसप तथा रिकण्डिसन हाउस सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले तोकिए बमोजिमका कागजातहरू पेस गरी यातायात व्यवस्था विभागबाट सञ्चालन अनुमति लिएर मात्र उल्लिखित कारखाना, वर्कसप तथा रिकण्डिसन हाउस सञ्चालन गर्न सक्ने र नियमानुसार नवीकरण समेत गर्नुपर्ने व्यवस्था छ । साथै लुम्बिनी प्रदेशको सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ९३ मा समेत कारखाना, वर्कसप तथा रिकण्डिसन हाउस सञ्चालन गर्न चाहने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यातायात व्यवस्था निर्देशनालयबाट अनुमति लिनुपर्ने व्यवस्था छ । यद्यपि हालसम्म पनि लुम्बिनी प्रदेशको सडक सवारी, यातायात तथा परिवहन नियमावली जारी नभएको हुँदा ऐनमा भएको यातायात व्यवस्था निर्देशनालयबाट अनुमति लिनुपर्ने व्यवस्था कार्यान्वयनमा आउन सकेको छैन ।

तसर्थः सवारीको बडी निर्माण गर्ने कारखाना, अटोमोबाइल वर्कसप तथा रिकण्डिसन हाउस सञ्चालन गर्ने सम्बन्धमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९, सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ एवम् कारखाना तथा वर्कशप सञ्चालन निर्देशिका, २०७४ को व्यवस्था आकर्षित हुने भएकोले उक्त ऐन, नियमावली तथा निर्देशिकामा तोकिएको प्रक्रिया पुरा गरी यातायात व्यवस्था विभागबाट सञ्चालन अनुमति लिएर मात्र कारखाना, वर्कसप तथा रिकण्डिसन हाउस सञ्चालन गर्नु, गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ । कार्यालयबाट हुने अनुगमनमा यातायात व्यवस्था विभागको अनुमति बेगर त्यस्ता कारखाना, वर्कसप तथा रिकण्डिसन हाउस सञ्चालन भएको पाइएमा लुम्बिनी प्रदेशको सडक सवारी, यातायात तथा परिवहन ऐन, २०७६ को दफा ९४ को उपदफा (२) (न) बमोजिम जरिवाना गरिने बेहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

२०८२।१।११

कार्यालय प्रमुख

वेबसाइटः www.tmorupandehi.lumbini.gov.np, इमेलः tmo.lumbini@gmail.com